# लोक सेवा आयोग
# सुर्खेत कार्यालय
वीरेन्द्रनगर, सुर्खेत

## सूचना नं. :-१३/०७९- ८०, मिति: २०७९/०५/१०
## रा.प. अनं. द्वितीय श्रेणी (प्राविधिक), सहायक कम्प्युटर अपरेटर पदको लिखित परीक्षाको परीक्षा भवन कायम गरिएको सूचना ।

लोक सेवा आयोग, सुर्खेत कार्यालय, सुर्खेतको विज्ञापन नं. **१४८७५-१४८७६/०७८-७९ (खुला/ समावेशी)**, रा.प.अनं. **द्वितीय श्रेणी (प्राविधिक), नेपाल विविध सेवा, सहायक कम्प्युटर अपरेटर पद**को लागि **सुर्खेत र हुम्ला परीक्षा केन्द्र** राखी अनलाइन दरखास्त स्वीकृत भएका उम्मेदवारहरुको लिखित परीक्षा निम्न मिति, समय र स्थानमा संचालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**परीक्षा कार्यक्रम**

| क्र.सं. | विज्ञापन नं. | पद, सेवा, समूह | पत्र | मिति, समय, अवधि |
|---|---|---|---|---|
| १ | १४८७५-१४८७६/०७८-७९ (खुला/ समावेशी) | सहायक कम्प्युटर अपरेटर, नेपाल विविध | प्रथम पत्र | २०७९/०५/२३, (दिनको २:०० बजे), ४५ मिनेट |
| | | | द्वितीय पत्र | २०७९/०५/२३, (दिनको ३:१५ बजे), २ घण्टा १५ मिनेट |

**सुर्खेत परीक्षा केन्द्र**

| क्र.स. | रोल नं. | परीक्षा केन्द्र |
|---|---|---|
| १ | सबै उम्मेदवार | श्री लोक सेवा आयोग, सुर्खेत कार्यालय **(परीक्षा भवन),** परीक्षा केन्द्र । |

**हुम्ला परीक्षा केन्द्र**

| क्र.स. | रोल नं. | परीक्षा केन्द्र |
|---|---|---|
| १ | सबै उम्मेदवार | श्री मानसरोवर बहुमुखी क्याम्पस सिमकोट, हुम्ला । |

**द्रष्टव्य :- (परीक्षार्थीहरुले अनिवार्य रुपमा पालना गर्नु पर्ने विषयहरु)**

१. प्रवेशपत्र बिना परीक्षामा सम्मिलित नगराइने हुँदा प्रवेशपत्र अनिवार्य रुपमा साथमा लिई परीक्षा सञ्चालन हुनु भन्दा कम्तीमा १ घण्टा अगावै परीक्षा भवनमा आइपुग्नुपर्नेछ । प्रवेशपत्रको प्रतिलिपि आवश्यक पर्ने उम्मेदवारले यस कार्यालयबाट अनिवार्य रुपमा परीक्षा संचालन हुनु भन्दा एक दिन अगावै प्रवेशपत्र लिइसक्नु पर्नेछ ।
२. परीक्षा दिन आँउदा नेपाली नागरिकताको सक्कल प्रमाण पत्र वा नेपाल सरकारद्वारा जारी गरिएको फोटो सहितको कुनै पनि परिचय-पत्र सहित उपस्थित हुनुहोला अन्यथा परीक्षामा सम्मिलित गराइने छैन ।
३. परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशन पूर्णरुपमा पालना गर्नु पर्नेछ ।
४.वस्तुगत बहुवैकल्पिक हुने परीक्षामा परीक्षार्थीले उत्तर लेख्दा अंग्रेजी ठूलो अक्षर (Capital letters): A, B, C, D मा लेख्नुपर्नेछ ।
५. परीक्षा भवनमा **झोला, मोबाइल फोन तथा अन्य इलेक्ट्रोनिक डिभाइसहरु** लैजान निषेध गरिएको छ ।
६. परीक्षामा कालो मसी भएको कलम/ डटपेन मात्र प्रयोग गर्नु पर्नेछ ।
७. उम्मेदवारले अनिवार्य रुपमा मास्क लगाई परीक्षा केन्द्रमा प्रवेश गर्नु पर्नेछ साथै आफ्नो प्रयोजनको लागि स्यानिटाइजर तथा खानेपानी स्वयंले लिई आउनु पर्नेछ ।
८. परीक्षा केन्द्रमा प्रवेश गर्दा, शौचालय प्रयोग गर्दा र परीक्षा केन्द्रबाट बाहिर निस्कदा एक आपसमा भौतिक दुरी कायम गर्नु पर्नेछ ।
९. परीक्षार्थीहरुले समूहमा भेला हुने जस्ता कार्यहरु गर्न पाइने छैन ।
१०. परीक्षा हल र शौचालयमा परीक्षार्थीहरुले अवाञ्छित वा अनुशासनहिन क्रियाकलाप गर्न पाउने छैन ।

| | | |
|---|---|---|
| (बृज लाल चौधरी) | (भरत खनाल) | (पूर्णमान श्रेष्ठ) |
| कम्प्युटर अपरेटर | शाखा अधिकृत | उपसचिव |